**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>मुख्य समाचार</u>**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले ३२ हजार प्राथमिक शिक्षकहरूको नियुक्ति रद्द गर्ने एकल पीठको आदेशलाई खारेज गर्ने निर्णयको स्वागत गरेकी छन्।

- विपक्षी नेता शुभेन्दु अधिकारीले निर्वाचन आयोगलाई मतदाता नामावलीको मस्यौदामाथि अपिलको सुनुवाइ सुरु हुँदा विशेष सघन पुनरिक्षण (एसआईआर) को दोस्रो चरणको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेका छन्।

- हिल तराई डुवर्स प्लान्टेसन वर्कस युनियनले क्षेत्रीय प्रोभिटेन्ट फन्ड सम्बन्धमा दार्जीलिङ क्षेत्रका चियाबारीका श्रमिकहरुले समस्या भोग्न परिरहेको समस्यालाई उजागर गर्दै PF कमिसनरलाई एक ज्ञापनपत्र बुझाएको छ।

- दार्जीलिंगका चालक संगठनले आज ४ तारिख डिसेम्बरमा गोर्खा दुःख निवारण सम्मेलन हलमा सम्पूर्ण चालकहरु संगठनहरुलाई लिएर एक महत्त्वपूर्ण बैठक आयोजन गरेको छ|

- सिलीगुड़ी ट्रैफिक पुलिसको अभियान; फुटपाथ कब्जा र अवैध पार्किङमाथि गरियो पुलिस कारबाही

**<u>उच्च अदालतको फैसलापछि ममता बनर्जीले दिइन् प्रतिक्रिया</u>**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले बुधबार कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले ३२ हजार प्राथमिक शिक्षकहरूको नियुक्ति रद्द गर्ने एकल पीठको आदेशलाई खारेज गर्ने निर्णयको स्वागत गरेकी छन्। मुख्यमन्त्रीले भन्नुभयो कि यो निर्णयले शिक्षक र उनीहरूको परिवारलाई ठूलो राहत दिल्याएको छ।
उहाले भान्नुभयो उनी जागिर खोस्ने पक्षमा थिइनन्, तर राज्यमा रोजगारी बढाउन चाहन्थिन्। मुख्यमन्त्रीले भन्नुभयो कि शिक्षकहरूको नियुक्ति २०१४ को शिक्षक योग्यता परीक्षाको आधारमा गरिएको थियो र यति वर्षको सेवापछि उनीहरूको जागिर गुमाउनु उचित थिएन।
डिभिजन बेन्चका न्यायाधीश तपोब्रत चक्रवर्तीको नेतृत्वमा रहेको बेन्चले सबै नियुक्तिमा अनियमितता प्रमाणित नभएकाले ती सबैको जागिर रद्द गर्नु न्यायोचित नभएको ठहर गरेको छ । अदालतले यो पनि भन्यो कि ९ वर्षपछि जागिर खारेज गर्दा शिक्षक र उनीहरूको परिवारमा गम्भीर असर पर्न सक्छ।
शिक्षामन्त्री ब्रात्य बसुले पनि अदालतको फैसलालाई सत्यको जित भनेका छन् । उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, '३२ हजार प्राथमिक शिक्षकको जागिर सुरक्षित छ र यो न्यायको जित हो । बसुले प्राथमिक शिक्षा बोर्डलाई पनि बधाई दिए । तृणमूल कांग्रेसका नेता कुणाल घोषले प्राथमिक शिक्षकको नियुक्ति यथावत राख्ने निर्णयले केही राजनीतिक शक्तिहरूको षड्यन्त्र असफल भएको प्रमाणित गरेको बताएका छन्। उनले भने कि केही राजनीतिज्ञ र वकिलहरूले यो मुद्दालाई राजनीतिको लागि प्रयोग गरे र उनीले सार्वजनिक रूपमा माफी माग्नु पर्छ।

**<u>पश्चिम बंगाल निर्वाचन आयोग</u>**

पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीले निर्वाचन आयोगलाई मतदाता नामावलीको मस्यौदामाथि अपिलको सुनुवाइ सुरु हुँदा विशेष सघन पुनरिक्षण (एसआईआर) को दोस्रो चरणको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेका छन्। निर्वाचन आयोगलाई लेखेको पत्रमा भाजपा नेताले मतदाता नामावली संशोधनमा मतदाताको दाबी र आपत्तिको सुनुवाइका क्रममा माइक्रो

अब्जर्भर नियुक्त गर्न तत्काल हस्तक्षेप गर्न माग गरेका छन्। उनले यी पर्यवेक्षकहरू केन्द्र सरकारका कर्मचारी हुनुपर्ने माग गरे ताकि निष्पक्षता कायम गर्न सकियोस् । उनले राज्य अधिकारीहरूद्वारा मतदाता नामावलीमा कथित गडबडीलाई लिएर चिन्ता व्यक्त गरे।

यस वर्ष यसको शुरुवात भएदेखि, एसआईआर प्रक्रिया एक राजनीतिक मुद्दा बनेको छ। निर्वाचन आयोगले यो प्रक्रियालाई 'पूर्ण रूपमा निष्पक्ष' भनेको छ भने विपक्षी दलहरूले यसको दुरुपयोग भइरहेको र वैध मतदाताहरूको नाम मेटाउने काम भइरहेको बताएका छन्।

## जलपाईगुड़ी एसआईआर

जलपाईगुड़ी जिल्लामा एसआईआर को काम बिएलओहरूले प्रायः पुरा गरि सकेको तथा निर्धारित पोर्टलमा अपलोडपनि भइसकेको त्याहाँका मतदाताहरूको धारणा छ। आफ्नो फर्म अपलोड भयो कि भएन त्यसबारे पनी बेबसाइटमा गएर चेक गर्न सकिन्छ। यद्यपी बंगालका सत्तारूढ दलले एसआईआर को बिरोध गरि रहेको छ तथा उसका बुथलेबल एजेन्टहरूले अवांछित नामहरू हाल्ने प्रयास पनि गरि रहेका छन् भन्ने कुरा मानिसहरूले जनाइरहेका छन् । तर जनता सचेत छ र एसआईआर लाई राम्रो पहल बताई रहेका छन्। जलपाईगुड़ीका एक जन नागरिक तथा समाजसेवी प्रदीप थापाले एसआईआरबारे यसो भन्छन्....
बाईट प्रदीप थापा...

## हिल तराई डुवर्स प्लान्टेसन वर्कस युनियन

हिल तराई डुवर्स प्लान्टेसन वर्कस युनियनले हिज PF कार्यलयमा क्षेत्रीय प्रोभिटेन्ट फन्ड सम्बन्धमा दार्जीलिङ क्षेत्रका चियाबारीका श्रमिकहरुले समस्या भोग्न परिरहेको समस्यालाई उजागर गर्दै PF कमिसनरलाई एक ज्ञापनपत्र बुझाएको छ। ज्ञापन पत्रमा दार्जीलिङ क्षेत्रमा कमिसनर नियुक्त नभएको कारण सतहमा आएका बिविध समस्याहरु श्रमिकहरुले भोगिरहेको उल्लेख गरिएको छ।

## दार्जीलिंगका चालक संगठनको महत्त्वपूर्ण बैठक

हिज दार्जीलिंगका चालक संगठनले एक प्रेस विज्ञप्ति जारी गरेर आज अर्थात् ४ तारिख डिसेम्बरमा गोर्खा दुःख निवारण सम्मेलन हलमा सम्पूर्ण चालकहरु संगठनहरुलाई लिएर एक महत्त्वपूर्ण बैठक आयोजन गरेको जानकारी दिएका छन्।
सम्पूर्ण चालकहरूको समस्या समाधानका निम्ति चालक संयुक्त मञ्च बनाएर कार्य गर्नाका निम्ति उक्त बैठकमा सम्पूर्ण चालकहरुले उपस्थिति दिनुपर्ने आयोजकद्वारा आव्हान गरिएको छ। उनीहरू अनुसार गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन क्षेत्रमा दैनिक रूपमा झेल्नपर्ने ट्राफिक जाम समस्याले चालकहरूलाई धेरै असुविधामा पारिरहेको छ। सरकारले गाड़ी मालिकहरूबाट लिएको करको आधारमा पाउनु पर्ने सुविधा जीटीए क्षेत्रमा उपलब्ध छैन। यस क्षेत्रमा उचित यातायात नियम पालन गर्नमा गम्भीर असुविधा रहेको छ। उचित स्थानमा पार्किङ सुविधा नभएकाले यात्रीहरूलाई गाड़ीबाट चढ़ाउन अनि उतार्न निकै कठिन पर्छ। दार्जीलिङ एउटा पर्यटन स्थल भएकाले गर्दा यहाँ अन्य स्थानका गाड़ीहरूको पनि अधिक चहलपहल हुने गर्दछ। उनीहरूलाई यस ठाउँको पार्किङ स्थानहरूबारे उचित ज्ञान नहुँदा पनि ट्राफिक जामको समस्या भएको जनाएका छन्।यसबाहेक पनि अन्य धेरै कारणले उत्पन्न समस्याले चालक अनि जनसाधारणलाई मानसिक प्रभाव पर्नु स्वाभाविक हो। विद्यार्थीहरूले त झनै धेर समस्या भोग्न परिरहेको छ। ट्राफिक जामको कारणले मानिसहरूको अमूल्य समय नोक्सान भइरहेको छ। यी सबै समस्याको समाधान सरकारद्वारा उचित ढङ्गले नगरिएका कारण हाम्रा सम्पूर्ण क्षेत्र वर्तमान समयमा अन्य स्थानको तुलनामा रोजगार अनि अन्य विषयहरूमा धेरै पछाड़िएर गएको देखिन्छ।यसर्थ यी सम्पूर्ण विषयहरूको समाधानका निम्ति सरकारद्वारा उचित पहल गरिनुपर्छ भनेर विभिन्न चालक सङ्गठनहरूले लिखित तथा मौखिक रूपमा धेरैचोटि आवेदन गरिसकेका भएपनि पनि वर्तमान समयसम्म कुनै उचित पहल नभएको कारण अझ दैनिक धेरै समस्याहरू उत्पन्न भएको देखिन्छ। यसैले यस महत्त्वपूर्ण विषयलाई लिएर हामीले एउटा आकस्मिक सभा आयोजना गरेको जानकारी गराउँदै बैठक आयोजक पक्षबाट सबैलाई उक्त बैठकमा सहभागी भइदिने अपिल गरेका छन्।

****** ० ******